**प्रेस विज्ञप्ति**

**<u>बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा प्रधानमन्त्री र नेपालका प्रधानमन्त्री बीच भेटवार्ता (२०८१ चैत्र २२)</u>**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बैंककमा भएको छैटौं बिमस्टेक शिखर सम्मेलनको साइडलाइनमा आज नेपालका सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग भेटघाट गर्नुभयो ।

२. दुई नेताहरूले भारत र नेपालबीचको अद्वितीय र घनिष्ठ सम्बन्धको समीक्षा गर्नुभयो । वहाँहरुले  भौतिक र डिजिटल कनेक्टिभिटी, जनता-जनताबीचको सम्बन्ध र ऊर्जाको क्षेत्रमा भएको उन्नतिमा सन्तुष्टि व्यक्त गर्नुभयो । हाम्रा दुई देश र जनताबीचको बहुआयामिक साझेदारीलाई थप गहिरो बनाउने कामलाई निरन्तरता दिन वहाँहरू सहमत हुनुभयो ।

३. छिमेकी पहिलो नीति अन्तर्गत नेपाल भारतको प्राथमिकतामा रहेको साझेदार हो । यो बैठकले दुई देशहरू बीच नियमित रुपमा हुने उच्च-स्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको छ ।

**बैंकक**

**२०८१ चैत्र २२**